# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६४४१००४४
इमेल: rm.arughat@gmail.co
Website: aarughatmun.gov.


पत्र संख्या: ०७७/७८

मिति: २०७८/१/२१

च.नं. :

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

## आरुघाट गाउँपालिकाको सार्वजनिक सूचना!

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड- १९ को संक्रमण गोरखा जिल्लाको विभिन्न क्षेत्रहरुमा बढ्दो क्रममा रहेको छ। यसै सन्दर्भमा आरुघाट गाउँपालिका क्षेत्रमा पछिल्लो समय कोभिड- १९ को संक्रमण फैलिरहेको जोखिमपूर्ण अवस्थालाई मध्यनजर गर्दै गाउँपालिका क्षेत्रभित्र हुन सक्ने संक्रमणको तिव्र फैलावट रोकथाम तथा नियन्त्रणको लागि तत्काल उच्च सतर्कता अपनाई संक्रमण रोकथाम, नियन्त्रणका कार्यहरु प्रभावकारी रुपमा संचालन एवं व्यवस्थापन गर्न आवश्यक रहेकोले आरुघाट गाउँपालिकाको स्थानीय तह कोभिड-१९ संकट व्यवस्थापन समितिको सिफारिशमा मिति २०७८।०१।२१ गते राती १२:०० बजे देखि २०७८।०१।३१ गते राती १२:०० बजेसम्म तपसिल बमोजिम गर्ने गराउने गरी जिल्ला सुरक्षा समितिको निर्णय अनुसार प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी भई सकेको छ । यस क्रममा निम्न बमोजिमका क्रियाकलापहरु गर्नु गराउनुहुन सम्पूर्ण गाउँपालिकाहरुमा सुचित गरिएको छ ।

तपसिल:

१. सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, भेला, जात्रा, महोत्सव गर्न निषेध गर्ने ।

२. अत्यावश्यक काममा बाहेक घर बाहिर ननिसक्ने र हिडडुल नगर्ने

३. एम्बुलेन्स, शववाहन, दमकल, खाद्य सामग्री, पशुपन्छी तथा पशुपन्छीको दाना, तरकारी, फलफूल, दुग्ध पदार्थ, माछा, मासु, पानी, ग्यास तथा पेट्रोलियम पदार्थ बोकेको सवारी साधन, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारी, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्युटी जाने आउने क्रममा प्रयोग गर्ने सवारी साधन,औषधी तथा स्वास्थ्य सेवाका सामग्री बोकेको सवारी साधन, कृषिजन्य सामग्री, मल,विउ विजन) बोकेको सवारी साधन, निर्माण सामग्री बोकेको सवारी साधन, झण्डावाहक सवारी साधन, प्रेस पास प्राप्त सवारी साधन, अत्यावश्यक सरकारी कामकाजको लागि प्रयोग हुने सरकारी सवारी साधन बाहेकका आरुघाट गाउँपालिका क्षेत्रभित्र संचालन हुने सार्वजनिक तथा निजी सवारी साधनहरु संचालन गर्न नपाइने ।

४. मठ, मन्दिर, गुम्बा,मस्जिद मदर्सा,चर्च लगायतका धार्मिक स्थलहरुमा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना बाहेकका अन्य कार्यहरु नगर्ने, नगराउने ।

५. क्याम्पस, विद्यालय लगायत सवै शैक्षिक संस्था, तालिम, प्रशिक्षण केन्द्रहरुबाट भौतिक रुपमा उपस्थित भई हुने पठनपाठन,परीक्षालगायतका सवै शैक्षिक गतिविधिहरु संचालन नगर्ने ।

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६४४१००४४
इमेल: rm.arughat@gmail.com
Website: aarughatmun.gov.np

६. रंगशाला, कवर्ड हल, फुटसल, खेलकुद मैदान, पार्टी प्यालेस, सिनेमा हल, होटल एण्ड रेस्टुरेन्ट, चिया तथा खाजा पसल, क्लव,सिनेमा हल, डान्स सेन्टर,व्युटी पार्लर, कपडा पसल, शैलुन, जिमखाना,सुनचाँदी व्यवसाय, टेलरिङ, फुटपाथ पसलहरु संचालन नगर्ने, नगराउने ।

७. विवाह, व्रतबन्ध एवं अन्य संस्कारजन्य कार्यक्रमहरु पार्टी प्यालेस तथा होटलमा संचालन गर्न नपाइने । घरमा संचालन हुने त्यस्ता कार्यक्रममा तोकिएको जनस्वास्थ्य मापदण्डको अनिवार्य पालना गरी बढीमा १५ जना भन्दा बढी व्यक्ति सहभागी हुन नपाईने । विवाह कार्यक्रममा सवारी साधन प्रयोग गर्नुपर्ने भएमा सवारी साधनको अगाडि विवाहको व्यानर राखी बेहुला, बेहुली, सवारी चालक र सहचालक सहित बढीमा १५ जनासम्म मात्र सवार हुने ।

८. औषधि एवं स्वास्थ्य सामग्रीका पसलहरु २४ से घण्टा खुल्ला रहने । दैनिक उपभोग्य खाद्यान्न, तरकारी, फलफूल, दुध तथा दही, माछा, मासु, निर्माण सामग्री, कृषिजन्य विउ विजन,मल , पशुपन्छीको दाना विक्रि वितरण गर्ने पसलहरु, वर्कशप, स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने गरी विहान ५:००बजेदेखि विहान ९:०० बजेसम्म र बेलुका ५:०० बजेदेखि ७:००बजेसम्म संचालन गर्ने ।

९. स्वास्थ्य, सुरक्षा, खानेपानी, विद्युत, संचार, औषधी तथा औषधीजन्य उत्पादन तथा विक्री वितरण लगायतका अत्यावश्यक सेवा वाहेकका अन्य सरकारी तथा गैरसरकारी कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु प्रवाह नगर्ने ।

१०.उद्योग, सार्वजनिक निर्माण कार्यमा संलग्न कर्मचारी तथा श्रमिकहरुलाई उद्योग परिसर तथा निर्माण स्थल नजिकै खाना र बासको व्यवस्था गरी स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा अपनाई उद्योग तथा निर्माण कार्य संचालन गर्ने ।

११.संचारकर्मीको हकमा सूचना तथा प्रसारण विभागबाट जारी प्रेस पासर सम्बन्धित संचार गृहले जारी गरेको परिचयपत्रको आधारमा आवातजावत गर्न सकिने ।

१२.बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने सेवाहरु न्यूनतम् कर्मचारीको उपस्थितिमा अत्यावश्यक सेवा मात्र प्रवाह गर्ने ।

एकदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत